अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मिति: २०८१।१२।१९ गते।

प्रेस विज्ञप्ति

विषय: आरोपपत्र दायर गरिएको।

वादी नेपाल सरकार प्रतिवादी धनेश्वर प्रसाईसमेत भएको घुस/रिसवत लिई भ्रष्टाचार गरेको मुद्दामा सरकारी साक्षी भोजराज भट्टराईले आयोगका अनुसन्धान अधिकृत समक्ष गरेको बयान कागजको प्रतिकूल हुने गरी बकपत्र गरेकोले भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा विशेष अदालत, काठमाडौंमा दर्ता भएको घुस/रिसवत लिई भष्टाचार गरेको ०८१-CR-००५४ मुद्दामा सरकारी साक्षीको रुपमा पेश गरिएका जिल्ला संखुवासभा, पाँचखपन नगरपालिका वडा नं. ६ बस्ने भोजराज भट्टराईले विशेष अदालत, काठमाडौंमा उपस्थित भई बकपत्र गर्दा अनुसन्धान अधिकृत समक्ष गरेको वयानको प्रतिकूल हुने गरी बकपत्र गरेको पुष्टि हुन आएको हुँदा निजले प्रतिवादी धनेश्वर प्रसाई समेतलाई रू.३,००,०००।—घुस/रिसवत दिएको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुर भएकोले निजलाई रु.३,००,०००।-(तीन लाख रुपैयाँ) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम घुस/रिसवत जफत हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
राजेन्द्र कुमार पौडेल